# लागूऔषध नियन्त्रण

# जिल्ला स्तरीय कार्ययोजना, डडेल्धुरा २०७८

नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

<u>लागूऔषध नियन्त्रण सम्बन्धी जिल्ला स्तरीय कार्ययोजना २०७८</u>

मानिसको केन्द्रिय स्नायु प्रणालीमा नकारात्मक प्रभाव पार्नुका साथै प्रयोगकर्ताहरुको भावना एवं सोचाईमा परिवर्तन ल्याउने गाजा, चरेश, अफिम, हिरोइन, कोकिन का साथै मनोद्धिपक पदार्थ (Psychotropic and Narcotic Substances) जस्ता प्रतिबन्धित औषधीहरुको दुरुपयोग एवं सेवन नै लागूपदार्थ दुर्व्यसनी हो ।

विश्वव्यापी साझा समस्याको रुपमा रहेको लागू औषधको प्रयोग नेपालमा पनि प्रमुख समस्याको रुपमा देखापरेको छ । सजिलै उपलब्ध हुने, कम मूल्य पर्ने र लामो समयसम्म असर रहिरहने भएकोले लागू औषधको दुर्व्यसन बढ्दै गएको देखिन्छ ।

लागूपदार्थको अवैध ओसारपसार एवं कारोबारलाई हातहतियार तस्करी पछिको दोश्रो ठूलो अपराधको रुपमा समेत लिइन्छ । यसको अवैध ओसारपसार एवं नियन्त्रण गर्न कानुन कार्यान्वयन गर्ने निकायहरु क्रियाशिल रहेपनि अन्तराष्ट्रिय रुपमा संगठित र सक्रिय गिरोहहरुको संजालले गर्दा यसको ओसारपसार र नियन्त्रण गर्ने कार्य चुनौतिको रुपमा देखिएको छ ।

प्राकृतिक तथा व्यवसायिक रुपमै गाँजा, चरेश जस्ता लागूऔषधको उत्पादन, ओसारपसार र विक्रिवितरण तथा फार्मेसीवाट समेत यस जिल्लामा अबैध रुपमा नियन्त्रित औषधिजन्य लागूपदार्थको विक्रिवितरण गर्ने प्रवृत्ति रहिरहेकोले यसलाई नियन्त्रण गरि कानुन बमोजिम कारवाहीको लागि जिल्ला प्रशासन कार्यालयले जिल्ला स्तरीय लागूऔषध नियन्त्रण समिति का साथसाथै जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल नं ५२ गुल्म, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय लगायत यस जिल्लाका ७ वटै स्थानीय तहहरु, विद्यालय, सामाजिक संघ संस्थाहरु र अन्य सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्दै आएको छ । यस कार्यलाइ थप प्रभावकारी बनाइ लागूऔषध रोकथाम र नियन्त्रण तथा न्यूनीकरण गरि जिल्लामा हुने अपराध नियन्त्रणमा समेत टेवा पुगी दुर्व्यसन रहित स्वस्थ र समुन्नत समाज निर्माण हुने अपेक्षाका साथ यो कार्ययोजना तयार पारिएको छ।

जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

कार्ययोजनाः

| सि.नं | कार्यक्रम तथा क्रियाकलापहरु | मुख्य जिम्मेवार निकाय | सहयोगी निकायहरु | समयसिमा | अनुगमन मूल्याङ्कन सूचक | अपेक्षित उपलब्धिहरु |
|---|---|---|---|---|---|---|
| १ | प्रभावकारी रुपमा सूचना संकलन गरी लागूऔषध (गाँजा,अफिम) खेती हुने क्षेत्रहरुको पहिचान गरी उत्पादनको प्रारम्भिक विन्दुमा नै खेती नष्ट गर्ने तर्फ आवश्यक पहल गर्ने | जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी ईकाइहरु | जिल्ला प्रशासन कार्यालय | खेतीको समय | नष्ट गरेको क्षेत्रफल तथा परिमाण र किसिम | अबैध उत्पालन नियन्त्रण हुने । |
| २ | लागूऔषध (गाँजा अफिम) को उत्पादन तथा प्रशोधन हुने स्थानहरुको प्रभावकारी सूचना संकलनबाट पहिचान गरी आपूर्तिको प्रारम्भिक बिन्दुमा बरामद तथा नष्ट गर्ने आवश्यक व्यवस्था मिलाउने । | जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी ईकाइहरु | जिल्ला प्रशासन कार्यालय स्थानीय तह | निरन्तर | नष्ट वा बरामद गरेको परिमाण प्रशोधन औजार तथा रसायन र लागूऔषधको किसिम | अबैध उत्पादन कारोबार तथा ओसारपसारमा नियन्त्रण हुने |
| ३ | अवैध मदिरा उत्पादन ओसारपसार संचय तथा भण्डारण एवं बिक्रिवितरण नियन्त्रण गर्ने | जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी ईकाइहरु | जिल्ला प्रशासन कार्यालय स्थानीय तह | निरन्तर | नष्ट वा बरामद गरेको परिमाण | सामाजिक अपराध नियन्त्रणमा बल पुग्ने । |
| ४ | लागूऔषध उत्पादन संचय ओसारपसार बिक्रिवितरण तथा सेवन सम्बन्धमा सही सूचना दिनेलाइ प्रोत्साहनको व्यवस्था गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै स्थानीय तहहरु र अन्य सरोकारवाला निकायहरु | निरन्तर | सूचना | लागूऔषध उत्पादन संचय ओसारपसार बिक्रिवितरण तथा दुर्व्यसनी नियन्त्रण हुने । |
| ५ | जिल्ला र सबै स्थानीय तहहरुमा सरोकारवाला निकायहरुको सहकार्य र समन्वयमा बृहत जनजागरण कार्यक्रम संचालन गर्ने | जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरु | जिल्ला प्रहरी कार्यालय र जिल्लाभित्रका अन्य सरोकारवाला निकायहरु | चौमासिक रुपमा निरन्तर | बृहत सहभागिता | जिल्लाभित्र व्यापक अभियान संचालन हुने |
| ६ | चिकित्सकको प्रेस्क्रिप्सन विना नियन्त्रित औषधि बेचविखनमा पूर्ण बन्देज गर्ने | जिल्ला स्वास्थ्य कार्यालय र अन्य अस्पतालहरु | औषधि व्यवसायीहरु | तत्काल शुरुवात गरी निरन्तर | नियन्त्रित औषधिहरुको परिमाण र बिक्रिवितरणको अवस्था | लागूऔषधको वेचविखनको दुरुपयोग रोकिने । |
| ७ | जिल्ला प्रवेश गर्ने नाकाहरुमा लागूऔषध ओसारपसार गर्न सक्ने संकास्पद सवारि | जिल्ला प्रहरी कार्यालय र सशस्त्र | सम्बन्धित बस व्यवसायि तथा | तत्काल शुरु गरी निरन्तर | संकास्पद व्यक्ति र सवारी | सवारी साधन मार्फत हुने लागूऔषध ओसारपसार नियन्त्रण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | साधन र व्यक्तिउपर निगरानी र चेकजाँच बढाउने । | प्रहरी बल | यातायात मजदूरहरु | | बरामद लागूऔषधको परिमाण | हुने |
| ८ | लागूपदार्थ दुर्व्यसनीहरुको उपचार तथा पुनर्स्थापन केन्द्रको आवश्यकता र प्रभावकारीता अध्ययन गर्ने | जिल्ला प्रशासन कार्यालय | स्थानीय तहहरु विभिन्न साझेदार संस्थाहरु | एक बर्षभित्र | अध्ययन प्रतिवेदन र छलफल | दुर्व्यसनीमा फसेका व्यक्तिहरु पहिचान गरी आवश्यक सुधारका लागि सहयोग पुग्ने । |
| ९ | जिल्लाभित्र हुने नियन्त्रित औषधिहरुको माग विवरण संकलन गर्ने | जिल्ला स्वास्थ्य कार्यालय | औषधि व्यवस्था विभाग | एक महिनाभित्र | विवरण प्रतिवेदन | नियन्त्रित औषधिहरुको दुरुपयोग रोक्न सघाउ पुग्ने |
| १० | लागूऔषध नियन्त्रणको क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्थाहरुको अनुगमन र समन्वय गर्ने | स्थानीय तह सबै | जिल्ला प्रशासन कार्यालय | तत्काल शुरु गरी निरन्तर | पारदर्शिता र प्रभावकारीताको मूल्याङ्कन | लागूऔषध नियन्त्रण कार्यसँग सम्बन्धित गैरसरकारी संघ संस्थाहरुको पारदर्शिता र प्रभावकारीता बढ्ने । |
| ११ | लागू औषध अपराध र दुर्व्यसनका वारेमा कारागारका कैदीवन्दीहरुका मनोसामाजिक धारणामा परिवर्तन ल्याउन लागूऔषध सम्बन्धित प्रचलित कानुनको जानकारीमूलक सचेतना कार्यक्रम तथा परामर्श सेवा संचालन गर्ने | जिल्ला प्रहरी कार्यालय र जिल्लास्तरीय लागूऔषध नियन्त्रण समिति | जिल्ला प्रशासन कार्यालय | मासिक एक पटक निरन्तर हुने गरी | संचालित कार्यक्रम संख्या र सहभागी संख्या | कारागारमा लागूऔषध अपराधसँग जोडिएका व्यक्तिहरुको मनोसामाजिक धारणामा सकारात्मक परिवर्तन हुने । |
| १२ | लागूऔषध नियन्त्रण तथा रोकथामसँग सरोकार राख्ने विभिन्न निकायहरु तथा अनुसन्धानमा संलग्न निकायहरुवीच प्रभावकारी सहकार्य र समन्वय गर्ने | जिल्ला प्रहरी कार्यालय र जिल्लास्तरीय लागूऔषध नियन्त्रण समिति | जिल्ला प्रशासन कार्यालय | मासिकरुपमा निरन्तर | समन्वय र सहकार्यका वैठक संख्या अनुगमन संख्या र उपलब्धीहरु | समन्वय र सहकार्यमार्फत लागूऔषध नियन्त्रण तथा रोकथाम प्रभावकारी हुने । |
| १३ | जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी ईकाइहरुले आफ्नो कार्यालय बजार क्षेत्र तथा मानिस भिडभाड हुने अन्य कार्यालयहरुमा समेत सूचनात्मक होर्डिङ बोर्डहरु राख्ने | जिल्ला स्तरीय लागूऔषध नियन्त्रण समिति | जिल्ला प्रशासन कार्यालय | एक महिनाभित्र | होर्डिङ बोर्डहरु राखेको संख्या | लागूऔषध सम्बन्धमा सरोकारवालाहरु सूसूचित हुनेछन । |
| १४ | लागूऔषध सम्बन्धी जानकारी सचेतना तथा खोजमूलक सामाग्री पत्रपत्रिकाहरुमा प्रकाशन गर्ने गराउने | | | निरन्तर | प्रकाशित पत्रपत्रिकाहरुको किसिम र पटक संख्या | सूचना तथा संचार माध्यमवाट लागूऔषध नियन्त्रणका लागि सहयोग पुग्ने । |
| १५ | जिल्ला प्रशासन कार्यालयबाट लागूऔषध नियन्त्रण तथा दुर्व्यसन र सचेतनाका लागि गरिएका कार्यहरुको अनुगमन मूल्याङ्कनमा बिशेष जोड दिने । | जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी इकाइहरु | जिल्ला प्रशासन कार्यालय | त्रैमासिक रुपमा निरन्तर | अनुगमनको संख्या र तथ्यगत विवरण | अनुगमन मूल्याङ्कन ले लागूऔषध नियन्त्रण तथा रोकथाममा थप प्रभावकारीता ल्याउनेछ । |

जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

प्रमुख जिल्ला अधिकारी